# नारायणी डेभलपमेण्ट बैंक लिमिटेड
## शाखा कार्यालय टाँडी चितवनका

## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०२/२२ गते मंगलबार आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/१०/२३ गते मंगलबारको नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनीक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएकोले पुनः कर्जा असुलीकालागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा बित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार प्रयोग गरी गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको शाखाकार्यालय, हात्तिगौंडा वा बैकको केन्द्रिय कार्यालय रत्ननगर-०१, टाँडीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८१/०३/०५ गते (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको केन्द्रिय कार्यालय, रत्ननगर-०१, चितवनमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थितहुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्तबोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानुनबमोजिम बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्तजायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै ऋणिले कर्जा चुक्ता फछ्र्यौट गरेमा बैंकद्धारा कुनै पनि बखत लिलामिको प्रक्रिया समाप्त गर्न सकिने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरणः**

**ऋणी :** नेपाल सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योगको कार्यालय भरतपुर चितवनमा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा १५ को उपदफा (१) को ग र दफा १५ को उपदफा (२) को ज बमोजिम मिति २०७८/०१/०९ मा दर्ता भई प्रा.फ.द.नं. २२०३/०७७/०७८ कायम भई, नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भरतपुरबाट मिति २०७०/०८/०७ (अन्त शुल्क दर्ता मिति २०७८/०१/०९) मा ६०१५६३९७१ नं. को स्थायी लेखा दर्ता प्रमाण पत्र कायम भएको चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २३ स्थित रजिर्ष्ट्रड ठेगाना रहेको **डियर भिलेज खाजा घर (प्रोप्राईटरः ईन्दु श्रेष्ठ )।**

| धनजमानतकर्ता (प्रोप्राईटर) | जमानतकर्ता |
|---|---|
| **नाम : ईन्दु श्रेष्ठ (ना.प्र.नं. २२०१, चितवन )**<br>स्थाई ठेगाना : चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ०२,<br>हालको ठेगानाः चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २३, जगतपुर<br>बाबु : धीर बहादुर श्रेष्ठ<br>बाजे : देवि प्रसाद श्रेष्ठ | **नाम : कृष्ण कुमार श्रेष्ठ (ना.प्र.नं. ३८०५/४१०, चितवन)**<br>स्थाई ठेगाना : चितवन जिल्ला, जगतपुर गा.वि.स. वडा नं. ०१,<br>हालको ठेगानाः चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. २३, जगतपुर<br>बाबु : देवि प्रसाद श्रेष्ठ<br>बाजे : जुजुमान श्रेष्ठ |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरणः**

**ईन्दु श्रेष्ठको** नाममा मालपोत कार्यालय चनौली, चितवन मा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला जगतपुर गा.वि.स. वडा नं. ५ (हाल, भरतपुर म.न.पा. वडा नं. २३, चितवन, नक्सा सिट नं. ५क स्थित कित्ता नं. ३७६ र ४०० को क्षेत्रफल क्रमशः ०-१-० र ०-२-१७ (बि-क-धु) को घर जग्गा तथा सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**सम्पूर्ण गोश्वारा पत्र (Hypothecation) तथा मौज्दात (Stock) र करार सम्पति (Leasehold Asset)**

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय टाँडी,चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय टाँडी बाट समेत प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, टाँडी, चितवन स्थित कर्जा असुली बिभाग र शाखा कार्यालय टाँडीमा सम्पर्क राख्न सकिनेछ।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np